रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड २ रामग्राम, चैत्र २१ गते, २०७६ साल संख्या ५

## भाग-२

## असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धि मापदण्ड,२०७६

नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७६।१२।२१

प्रस्तावना : विश्व महामारीको रुपमा फैलिएको COVID19 (नोबेल कोरोना भाइरसको कारण लाग्ने रोग) वाट नेपाल पनि प्रभावित हुन पुगेको छ । यस संक्रमणवाट उत्पन्न खतरा प्रति नागरिकहरुलाई सचेत गराउँदै यसबाट उन्मुक्ति पाउनका लागि संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकारबाट हर संभव प्रयासहरु भइ रहेका छन् । यस किसिमको महामारी फैलिन नदिन र यसको जोखिम न्युनीकरण गर्न हाम्रो देश नेपाल पनि ११ चैत्र २०७६ देखि लक डाउनको अवस्थामा छ । यस विषम परिस्थितिमा असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहाय परिवारहरुका लागि राहत वितरण गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार तथा नेपाल सरकार मन्त्रिपरिषदबाट भएको निर्णय कार्यान्वयन गर्न रामग्राम नगरपालिका नगरकार्यपालिकाले असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धि मापदण्ड,२०७६ जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस मापदण्डको नाम " असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धि मापदण्ड,२०७६" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क)"असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग "भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ३ बमोजिमका श्रमिक कामदार तथा मजदुर सम्झनु पर्दछ ।

(ख) "असहाय" भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवस विहिन भई मन्दिर,आश्रम,धर्मशाला,गुम्बा,मस्जिद,गुरुद्वार,चर्च वा बृद्धाश्रममा बस्ने व्यक्ति सम्झनुपर्छ ।

(ग) "राहात" भन्नाले यस रामग्राम नगरपालिकाबाट निर्णय भए अनुसार दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री सम्झनुपर्छ ।

३. <u>अभिलेख राख्नुपर्ने :</u> (१) लकडाउनको कारणले दैनिक छाक टार्न नसक्ने परिवारलाई यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछ :

(क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक,

(ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने बाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने व्यक्ति,

(ग)ट्रक,ट्रिपर,भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक,

(घ) अन्य व्यक्तिको खेतिबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर,

(ङ)आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई, शिशु तथा जेष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

(च) गिट्टी कुट्ने,बालुवा चाल्ने तथा ईटा भट्टामा काम गर्ने मजदुर।

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी,सिकर्मी,हेल्पर लगायतका मजदुर,

(ज)नाङ्लो पसले,दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले,ठेला गाडा तथा साईकिलमा सामान विक्री गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर,

(झ) देहायका यातायात मजदुर :

१) अन्य व्यक्तिको माल बाहक सवारी तथा डेलिभरी भ्यान चलाउने सवारी चालक,सहचालक,

२)दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक

३) रिक्सा तथा ठेलागाडा चालक,

४) सवारीसाधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

(ञ) अन्यव्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ, गलैचा, बुट्टा तथा जर्ती भर्ने  र कपडा पसलमा दैनिकज्यालादारीमा काम गर्ने मजदुर ।

४. <u>राहत वितरण गर्नु पर्ने :</u> दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिकवर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिकको ढाँचामा विवरण राखि दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नुपर्नेछ ।

५. <u>राहत सामाग्री :</u> (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरुलाई प्रति परिवारका लागि देहायका सामाग्री राहत स्वरुप वितरणगरिने छ ।

(क) चामल १० किलोग्राम

(ख) दाल १ किलोग्राम

(ग) नुन १ पाकेट

(घ) खाने तेल ५०० मिलिलिटर

(ङ) हातधुने साबुन २ वटा

(च) सोयाबिन ५०० ग्राम

(छ) अन्य(माथी उल्लेखित बाहेकका बस्तुगत सहायता स्वरुप प्राप्त हुन आउने खाद्य तथा अन्य सामाग्रीहरु आवश्यकता अनुसार)

(२) यस मापदण्ड बमोजिम राहत वितरण कार्य गर्दा ४(चार) जना सम्म सदस्य भएको एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ । परिवार सदस्य संख्या ६(छ) जना वा सो भन्दा बढी भएमा ५(पाँच) किलोग्राम चामल थप गरी वितरण गरिनेछ

(३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि श्रमिक वर्ग तथा असहायता तथा तिनसँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै बैकल्पिक आयआर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एकै परिवारको एक भन्दा वढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

६. वितरण गर्ने विधि : (१) देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछ ।

क. यस नगरपालिकाले दफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने आपूर्तिकर्तावाट मूल्य सूची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपूर्तिकर्ता छनौट गरि खरिद गर्ने ।

(ख) वर्तमान संकटको समयमा दफा ५ बमोजिमको राहत सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १४५ मा भएको विशेष परिस्थितीमा खरिद गर्ने सम्बन्धि व्यवस्था बमोजिम खरिद गर्ने ।

ग.दफा ३ बमोजिमको लगतमा परेका श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडा बाट अनूसुची २ बमोजिमको भरपाई गराई राहत सामाग्री उपलब्ध गराउने ।

घ.राहत वितरणको लागि सम्बन्धित वडा समितिले दफा ३ बमोजिमको लगत संकलन गरी वितरणको व्यवस्था मिलाउने ।

(ङ) राहतको लागि विवरण संकलन तथा वितरण कार्यमा संलग्न कर्मचारी, जनप्रतिनिधि र लक्षित परिवारले न्यूनतम सामाजिक दूरी कायम गर्ने लगायतका रोकथामका उपायहरु अवलम्बन गर्नपर्नेछ ।

७. राहत वितरणको अभिलेख र प्रतिवेदन : (१) सम्बन्धित वडाले अनुसूची -२ बमोजिम राहत वितरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

(२) यस रामग्राम नगरपालिकाबाट वितरण गरिएको राहतको प्रतिवेदन अनुसूची ३ वमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय-पत्र तथा पञ्जिकरण विभाग र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) यस रामग्राम नगरपालिका,नगर कार्यपालिका र सम्बन्धित अन्य निकायले आवश्यकता अनुसार राहत वितरणको नियमित अनुगमन गर्नेछन् ।

८. कारवाही सम्बन्धी व्यवस्था : (१) यस मापदण्डमा तोकिएको मापदण्ड पूरा नभएको व्यक्तिले झुट्टा विवरण गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

(२) यदि कोहि व्यक्तिले राहतका लागि योग्य नभएको अवस्थामा पनि गलत विवरण पेश गरि राहत बुझिलिएको पाईएमा निजलाई प्रचलित कानून बमोजिम सजायँ हुनेछ ।

(३) राहत पाउन योग्य नभएको व्यक्ति वा परिवारलाई राहतका लागि सिफारिस गरेमा सिफारिस गर्ने वडाका प्रतिनिधि समेत प्रचलित ऐन कानून बमोजिम कारवाहीको भागिदार हुनेछन् ।

९. विविध : (१) यस मापदण्डमा उल्लेख भएका कुरा यसै मापदण्ड अनुसार तथा अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछन् ।

(२) यो मापदण्डको व्याख्या,संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।

(३) यो मापदण्ड कोरोना भाइरसको कारण लाग्ने रोग (कोभिड१९) को महामारी अन्त्य भएपछि स्वतः निष्कृय हुनेछ ।

## अनुसूची १
( दफा ३ सँग सम्बन्धित)

**अभिलेखको ढाँचा**

**राहत प्राप्त गर्ने व्यक्तिको विवरण :**

१. नाम थरः २.बाबुको नामः ३.बाजेको नामः

एकाघरका परिवारको पारिवारिक विवरण

| क.सं. | राहत प्राप्त गर्ने व्यक्तिको घर परिवारका सदस्यको नाम | उमेर | राहत प्राप्त गर्ने व्यक्ति संगको नाता | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

४. स्थायी ठेगानाः जिल्ला : पालिकाको नाम : वडा नं.:

५.हालको ठेगानाः रामग्राम न.पा.वार्ड नं. : टोल :

६.टेलिफोन वा मोबाइल नं. (भएमा):

७. दैनिक ज्यालादारीमा कार्यरत स्थानः

८. गर्ने गरेको कामको विवरणः

९. पेश गरेको कागजातको विवरणः - कम्तीमा कुनै एक कागजात संलग्न गर्नुपर्ने )

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा

ख. गरिब घर परिवार परिचय-पत्रको प्रतिलिपि वा

ग. सवारी चालक अनुमति-पत्रको प्रतिलिपि वा

घ. अन्यः

१०. राहत लिने व्यक्तिको स्वःघोषणाः

म र मेरो परिवारका जम्मा ......जना सदस्यको रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय-आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । ब्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदकको नामथर :- औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखतः-

मितिः

सिफारिस गर्ने पदाधिकारीकोः-

दस्तखतः- रामग्राम नगरपालिका

नामः पदः वडा नं.:

मितिः

## अनुसुची २

(दफा ७को उपदफा १संग सम्बन्धित)

अभिलेखको ढाँचा

रामग्राम नगरपालिका

........ नं.वडा कार्यालय,...........

राहत वितरणको अभिलेख

| सि. नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण❖ | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

❖यस महलमा दफा ५ को उपदफा १ बमोजिम वितरित सामाग्रीलाई प्याकेज-१,र सो मा थप गरि वितरण गरिएको भए प्याकेज-२ उल्लेख गर्ने ।

राहत वितरण गर्नेको : नाम थर :　　　　पदः　　　　दस्तखत :　　　　टेलिफोन नं. :

## अनुसुची ३

(दफा ७ को उपदफा २ संग सम्बन्धित)
रामग्राम नगरपालिका
प्रतिवेदनको ढाँचा

| सि. नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण❖ | मिति | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

❖यस महलमा दफा ५ को उपदफा १ बमोजिम वितरित सामाग्रीलाई प्याकेज-१,र सो मा थप गरि वितरण गरिएको भए प्याकेज-२ उल्लेख गरिएको ।

प्रतिवेदन तयार गर्नेको : नाम थर : पदः दस्तखत : टेलिफोन नं. :

प्रमाणीकरण मितिः २०७६/१२/२१

आज्ञाले
रुद्र प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत